नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिमकोट, हुम्ला

☎ ०८७-६८००३३
६८०१३६
फ्याक्सः ०८७-६८००३४

मितिः २०८२/०७/११

## सर्तकता अपनाउने सम्बन्धी सूचना

जल तथा मौसम विज्ञान विभागद्धारा जारी सूचना अनुसार आगामी २०८२ कार्तिक १२ गतेसम्म बर्षा तथा हिमपात हुने सम्भावना रहेको प्रक्षेपण भएअनुरुप हुम्ला जिल्लाको उच्च भू-भागमा हिमपात भएको र आगामी दिनमा थप हिमपातको सम्भावना भएकाले अर्को सूचना जारी नहुँदा सम्म उच्च हिमाली क्षेत्रमा पर्ने न्यालु लेक, लिमी लाप्चा र नारा लेक लगायतका क्षेत्रमा स्थानीय र पर्यटकहरुलाई आवागमन नगर्नका लागि अनुरोध गर्दछौं । साथै जाडो समयमा हिमपात तथा बर्षातको कारणले दैनिक जिवनयापन कष्टकर हुने हुँदा अत्यावश्यक कार्यका लागि आवागमन गर्नुपरेको अवस्थामा निजिकैको स्थानीय प्रहरीबाट अनुमती लिएर मात्र आवागमन गर्नको लागि समेत अपिल गरिन्छ । सो सन्दर्भमा केही आपतकालीन अवस्था परेमा जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारीको मोवाइल नम्बर ९८५८३२२०४५ र प्रहरी कन्ट्रोलको नम्बर १०० मा सम्पर्क गर्न समेत अनुरोध छ। मौसम पूर्वानुमान सम्बन्धी आवश्यक जानकारी लिएर उच्च सर्तकता अपनाउन सम्बन्धित सम्पूर्ण महानुभवहरुलाई र विशेषत पर्यटकहरुलाई समेत अनुरोध गर्दछौं।

टेककुमार रेग्मी
प्रमुख जिल्ला अधिकारी